आज मिति २०७६ साल श्रावण २६ गते बिहिवारका दिन यस देवानगञ्ज गाउँपालिकाका अध्यक्ष श्री बेचन प्रसाद मेहता ज्यूको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको बैठक देहाय बमोजिमका उपस्थितिमा तपसिल बमोजिम निर्णय गरियो।

उपस्थिति:

श्री बेचन प्रसाद मेहता - अध्यक्ष -
श्री कुमारी बिभा यादव - उपाध्यक्ष -
श्री सुर्य नारायण पाल - वडा अध्यक्ष, वडा नं. १ -
श्री जग नारायण मेहता - " " " " २ -
श्री अनिल कुमार भगत - " " " " ३ -
श्री सुशिल कुमार मेहता - " " " " ४ -
श्री मनोज कुमार मण्डल - " " " " ५ -
श्री हरिनन्दन मेहता - " " " " ६ -
श्री सुर्य नारायण यादव - " " " " ७ -
श्री रूणा देवी दास - कार्यपालिका सदस्य -
श्री उषा देवी यादव - " -
श्री सुनिता देवी यादव - " -
श्री सम्तुलिया देवी बाँतर - " -
श्री मनोज कुमार भगत - " -
श्री किशोर कुमार पाल - " -
श्री चुडामणी गुरागाई - सदस्य सचिव -

आमन्त्रित:

श्री बाल कुमार श्रेष्ठ - कम्प्युटर अपरेटर (प्रशासन) -

प्रस्तावहरु:

१. भूमिहिन दलित, भूमिहिन सुकुमबासी, अव्यवस्थित बसोबासीको निवेदन फारम संकलन सम्बन्धमा।
२. कृषि उपज बजार, देवानगञ्ज-३, कप्तानगञ्जको जग्गा दर्ता सम्बन्धमा।
३. कर्मचारी व्यवस्थापन सम्बन्धमा।
४. अख्तियारी प्रदान सम्बन्धमा।

५. आर्थिक सहायता कार्यविधि निर्माण सम्बन्धमा ।
६. मठमन्दिर व्यवस्थापन सम्बन्धमा ।
७. कृषि समूह, फर्मलाई दिने अनुदान सम्बन्धमा ।
८. देवानगञ्ज बजारको हाट प्लट खाली गर्ने सम्बन्धमा ।
९. विद्युत प्राधिकरणको काउन्टर सम्बन्धमा ।
१०. दुरसंञ्चार सेवाको विस्तार सम्बन्धमा ।
११. खरव कटान सम्बन्धमा ।
१२. घर-टहरा हटाउने सम्बन्धमा ।
१३. विविध

निर्णयहरु:

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा भूमिहिन दलित, भूमिहिन सुकुमबासी, अव्यवस्थित बसोबासीको वडामा संकलन भएको निवेदनहरु वडा स्तरिय समितिबाट निर्णय गरी आगामि भाद्र १ गते सम्ममा गाउँपालिकामा पेश गर्ने निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा देवानगञ्ज गा.पा. वडा नं. ३ साविक कप्तानगञ्ज-४ मा मिति २०५४ साल देखि सञ्चालनमा रहेको कृषि उपज बजारको भोगमा रहेको ऐलानी गौचर जग्गा करिब ५ (पाँच) बिघा कृषि उपज बजार कप्तानगञ्जको नाममा दर्ताको लागि जिल्ला ~~प्रशा~~ प्रशासन कार्यालय, सुनसरी मार्फत भूमि सुधार तथा मालपोत कार्यालय, सुनसरीमा अनुरोध गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा तपसिल अनुसारका व्यक्तिलाई तपसिलका कार्य गर्ने गरी २०७६ साल श्रावण ०१ गते देखि नै लागु हुने गरी दैनिक ज्यालादारीमा कामकाज लगाइएको सोलाई अनुमोदन गर्दै अमिन - १ जना लाई ~~मा~~ २०७६ साल भाद्र ०१ गते देखि लागु हुने गरी दैनिक ज्यालादारीमा कामकाज गराउने निर्णय गरियो ।

तपसिल:

१) राम ~~प्रसाद~~ उराव, देवानगञ्ज-६ - सरसफाई कर्मचारी (का.स.)
२) संजय कुमार पाल गडेरी, देवानगञ्ज-४ - सुरक्षा गार्ड
३) पप्पु कुमार साह, देवानगञ्ज-५ - अमिन, चौथो (२०७६/०५/०१ गते देखि)

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा निवेदक सञ्जय कुमार मेहता विपक्षी सुनसरी देवानगञ्ज गा.पा. कार्यालय-१, सुनसरी देवानगञ्ज गाउँ कार्यपालिका कार्यालय-२, ऐ. गाउँपालिका अध्यक्ष बेचन प्रसाद मेहता-३, सुनसरी देवानगञ्ज गा.पा. कार्यालय प्रमुख प्रशासकीय अधिकृत-४, देवानगञ्ज गा.पा. कार्यालयका प्रशासन अधिकृत समेत उपर उच्च अदालत विराटनगरमा ०७९-WO-००३ उत्प्रेषणयुक्त परमादेश मुद्दा दर्ता गराउनु भएकोमा सो विषयमा सुनसरी देवानगञ्ज गाउँपालिका कार्यालय समेतको नाउँमा १५ दिने म्याद मिति २०७९/०४/०५ गते तामेल भएकोमा उक्त म्यादमा काबु बाहिरको परिस्थिति परि लिखित जवाफ ५ जनाकै हकमा पेश गर्न नसकि उक्त गुज्रिएको म्याद थमाई लिखित जवाफ पेश गरी मुद्दाको पुर्पक्ष समेत गर्नका लागि यस कार्यालयमा कार्यरत प्रशासन अधिकृत मच्छिन्द्र कुमार थलङ (लिम्बु) लाई यो वारेस अख्तियार दिई पठाउने निर्णय गरियो।

५. प्रस्ताव नं. १ माथि छलफल गर्दा गरिब, विपन्न नागरिकलाई आर्थिक सहायता उपचार सहयोग दिनु पर्ने अवस्था भएकोले सोको लागि कार्यविधि तयार गरी आगामि बैठकमा पेश गर्ने निर्णय गरियो।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा देवानगञ्ज गा.पा.भित्र रहेका दर्ता वाला सम्पूर्ण मठ-मन्दिर, मस्जित हरुलाई आफ्नो कारोबारको लेखा परीक्षण गरी पेश गर्न निर्देशन दिने र अन्य अव्यवस्थित रहेका मठ-मन्दिर, मस्जितहरुलाई व्यवस्थित गर्न सम्बन्धित पक्षलाई निर्देशन दिने निर्णय गरियो।

6. प्रस्ताव नं. 6 माथि छलफल गर्दा कृषि समूह/फर्महरुले एक पटक अनुदान लिइ सके पछि २ (दुई) वर्ष पछि मात्र अनुदानको लागि सिफारिस दिने निर्णय गरियो।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा देवानगञ्ज बजारमा रहेको हटियालाई व्यवस्थित गर्न सम्बन्धित पक्ष र बजार बासीलाई अनुरोध गर्ने निर्णय गरियो ।

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा देवानगञ्ज गा.पा. का जनतालाई विद्युत महशुल बुझाउन ~~सह~~ सहजताको लागि देवानगञ्ज गा.पा. मा कम्तिमा महिनाको दुई दिन महशुल काउन्टर राख्न विद्युत प्राधिकरण, इनरुवालाई अनुरोध गर्ने र महशुल काउन्टरको लागि गाउँपालिका कार्यालयमा कोठा उपलब्ध गराउने निर्णय गरियो ।

१०. प्रस्ताव नं. १० माथि छलफल गर्दा यस गा.पा. क्षेत्रमा दूरसञ्चारको टेलिफोन लाइन विस्तारको लागि नेपाल दूरसञ्चार प्राधिकरण, विराटनगरलाई अनुरोध गर्ने निर्णय गरियो ।

११. प्रस्ताव नं. ११ माथि छलफल गर्दा देवानगञ्ज गा.पा.-३ मा रहेको कृष्ण मा.वि. खेल मैदानमा रहेका रुखहरु ४ वटा र स्वास्थ्य चौकी देवानगञ्ज कम्पाउण्ड भित्र रहेका रुखहरु काट्नको अनुमतिको लागि डिभिजन वन कार्यालय, इनरुवामा अनुरोध गर्ने निर्णय गरियो ।

१२. प्रस्ताव नं. १२ माथि छलफल गर्दा देवानगञ्ज गा.पा. वडा नं. ४ निर्माणाधिन कृषि बजार सटर अगाडि रहेको सञ्जित कु. मेहताको टिनको टहरा हटाउन वडा कार्यालयले सूचना दिँदा पनि हाल सम्म नहटाएको हुँदा गा.पा. बाट पुनः ~~३~~ तिन दिनको सूचना दिने सो समयमा नहटाएमा गाउँपालिकाबाट सुरक्षा कर्मीको सहायता लिई टहरा हटाउने र सो बापत लाग्ने खर्च सम्बन्धित व्यक्तिबाट असुल-उपर गर्ने निर्णय गरियो ।

१३. प्रस्ताव नं. १३ माथि छलफल गर्दा गा.पा. को सातै वडा भित्र कुनै व्यक्ति संघ-संस्थालाई मासु काटी बिक्रिवितरण गर्दा

अर्काको जग्गा साध-सिमानामा असर पर्ने गरी साथै जग्गाको भू-बनोटलाई समेत असर पर्ने गरी माटो काटी बिक्रि वितरण गरेको पाइएकोले त्यस्तो असर पर्ने गरी कुनै पनि जग्गामा माटो काट्ने, बिक्रि वितरण ~~गर्ने~~ गर्न रोक लगाउन निर्णय गरियो। साथै ~~बिक्र~~ माटो काट्न आवश्यक भएमा वडा कार्यालयबाट अनुमति ~~लिनु पर्ने~~ लिएर मात्र माटो काट्न सम्पूर्ण सर्वसाधारणमा ~~जा~~ जानकारीको लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो।